नेपाल सरकार
सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति

आज मिति २०७३ पौष ६ गते बुधबारका दिन सामान्य प्रशासन मन्त्री माननीय केशवकुमार बुढाथोकीज्यूसँग नेपालका लागि इजरायलका महामहिम राजदूत यारोन मायरले माननीय मन्त्रीज्यूको कार्यकक्ष सिंहदरबारमा शिष्टाचार भेट गर्नुभयो । माननीय मन्त्री र राजदूत मायरवीच भएको सौहार्दपूर्ण भेटमा द्विपक्षीय सम्बन्धका बारेमा छलफल भयो । सामान्य प्रशासन मन्त्री मा. केशवकुमार बुढाथोकीले नेपाली कामदारहरुको लागि इजरायल एक नयाँ तथा सुरक्षित गन्तव्यको रुपमा स्थापित भएको र नेपालले तालीम प्राप्त अर्धदक्ष (Semi-skilled) कामदार इजरायल पठाउन चाहन्छ भन्नुभयो । साथै, माननीय मन्त्रीज्यूले त्यहाँबाट फर्किएका नेपाली कामदारहरुले आर्जन गरेका सीप, प्रविधि र अनुभव नेपालको विकासमा उपयोग गर्न सकिनेछ भन्नुभयो । सोही भेटको अवसरमा राजदूत मायरले इजरायल सरकारले नेपालमा आधुनिक कृषी एवम् भौतिक संरचनासंग सम्बद्ध जनशक्तिको विकास र प्रवर्द्धनमा वृहत्तर सहकार्य गर्न चाहेको कुरा बताउनुभयो ।

मिति :
२०७३ पौष ६

नेपाल सरकार
सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं